वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक



वर्ष ४५ अंक १६७ | २०८३ कात्तिक ०८ गते आइतबार, नेपाल सम्वत् ११४६ October 25, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-



सयपुत्री फूलखेती

तनहुँको आँबुखैरेनी गाउँपालिका-१ यान्चोकमा दशैंतिहार पर्वका लागि लक्षित गरिएको सयपत्री फूलखेतीमा सयपत्री फूल फक्रदै गएपछि बिक्रीका लागि टिप्दै कृषकहरू । यहाँका ४५ जना कृषकहरूले करिब ४५ रोपनी क्षेत्रफलमा व्यवसायीक रूपमा सयपत्री फूलखेती गर्दै आएका छन् । गत वर्ष करिब नौ लाख बढी आम्दानी लिन सफल यहाँका कृषकहरूले यस वर्ष सयपत्री फूल बिक्रीबाट करिब १० लाख रूपैयाँसम्म आम्दनी लिने लक्ष्य लिएको गाउँपालिकाको कृषि तथा पशु सेवा शाखाले जनाएको छ । आव २०८० देखि व्यवसायीक फूलखेती गर्दै आएका यहाँका कृषकले गत दुई वर्ष कतारमा समेत सयपत्री फूल निरियात गरेका थिए भने बिक्री नभएका फूलबाट अगरबत्ती धुप समेत बनाउँदै आएका छन् । यहाँ उत्पादिन फूल दमौली, गोरखा, पोखरा, आँबुखैरेनी, नारायणघाट लगायतका बजारमा बिक्री वितरण हुँदै आएको छ ।

तस्विर : भञ्ज्याङ

जनताका समस्या बुझ्न गाउँ-टोलमा नेकपाको दुईमहिने जागरण अभियान

केन्द्रदेखि स्थानीय तहसम्मका नेता कार्यकर्ता परिचालन, मंसिर २५ गते समापन हुने

भञ्ज्याङ समाचारदाता/काठमाडौं

जनताका गुनासा, सुझाव र आलोचना सुन्दै पार्टी संगठनलाई जनतासँग जोड्ने उद्देश्यसहित नेपाली कम्युनिस्ट पार्टी (नेकपा) ले दुईमहिने राष्ट्रिय जागरण अभियान सुरू गरेको छ । पार्टीका संयोजक पुष्पकमल दाहाल र सहसंयोजक माधवकुमार नेपालले शनिबार काठमाडौंको पेरिसडाँडास्थित पार्टी कार्यालयबाट अभियानको शुभारम्भ गरेका हुन् ।

अभियानअन्तर्गत केन्द्रीय नेतृत्वदेखि स्थानीय तहसम्मका नेता तथा कार्यकर्तालाई परिचालन गरी गाउँ, वडा र टोलसम्म जनतासँग प्रत्यक्ष संवाद गरिने पार्टीले जनाएको छ । अभियानमा किसान, मजदुर, श्रमिक, युवा, विद्यार्थी, महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारु, अल्पसंख्यक समुदाय, अपाङ्गता भएका व्यक्ति, बुद्धिजीवी, शिक्षक, कर्मचारी, उद्यमी तथा व्यवसायीसँग छलफल गरिनेछ ।

पार्टीका अनुसार अभियानका क्रममा महँगी, बेरोजगारी, कालोबजारी, भ्रष्टाचार, आर्थिक असुरक्षा, सार्वजनिक सेवा प्रवाहमा हुने ढिलासुस्ती, सुकुमबासी तथा श्रमिकका समस्या र वैदेशिक रोजगारीका कठिनाइबारे नागरिकका अनुभव संकलन गरिनेछ । स्थानीयस्तरमा देखिएका समस्या पहिचान गरी समाधानका सम्भावित उपायसमेत खोजिने पार्टीको भनाइ छ ।

अभियानबारे जानकारी दिँदै संयोजक दाहालले जनताबाट प्राप्त गुनासा र सुझावलाई सम्बन्धित निकायसम्म पुऱ्याएर समाधानका लागि पहल गरिने बताए । उनका अनुसार आवश्यकताअनुसार स्थानीय, प्रदेश र संघीय सरकारका सम्बन्धित निकायमा मागपत्र तथा ज्ञापनपत्र प्रस्तुत गरिनेछ ।

जनताका गुनासाको अभिलेख राख्ने र तिनको सम्बोधनका लागि भएका प्रयासको प्रगतिबारे नागरिकलाई जानकारी दिने अभ्याससमेत अघि बढाइने दाहालले बताए । जनताका समस्या सुनेर फर्कनेभन्दा पनि समाधानका सम्भावना पहिचान गरी जिम्मेवारीपूर्वक पहल गर्नु अभियानको उद्देश्य रहेको उनको भनाइ छ ।

निर्वाचन क्षेत्रलाई आधार बनाएर नेता परिचालन



नेकपाले अभियानलाई प्रभावकारी बनाउन केन्द्रीय कार्य संयोजन समितिका सदस्यलाई विभिन्न जिल्लाको समन्वय गर्ने जिम्मेवारी दिएको छ । उनीहरूले आफूलाई तोकिएको जिम्मेवारीअनुसार प्रदेश र जिल्लाका पार्टी समितिसँग सम्पर्क, समन्वय, मार्गदर्शन तथा अनुगमन गर्नेछन् ।

पार्टीले जारी गरेको अन्तरपार्टी निर्देशनअनुसार केन्द्रीय सदस्यदेखि प्रदेश, जिल्ला र स्थानीय तहका नेता तथा कार्यकर्तालाई आफ्नो मतदाता नामावली रहेको क्षेत्रमा परिचालन गरिनेछ । गत निर्वाचनमा उम्मेदवार बनेका नेताहरूलाई आफू उम्मेदवार रहेको निर्वाचन क्षेत्रमा खटाउने व्यवस्था गरिएको छ ।

पार्टी प्रवक्ता प्रकाश ज्वालाका अनुसार प्रादेशिक जिम्मेवारीमा रहेका नेताहरु पनि सम्बन्धित निर्वाचन क्षेत्रमा परिचालित हुनेछन् । केन्द्रीय सदस्यहरूले पालिका तथा वडा तहमा सञ्चालन हुने अभियान टोलीको नेतृत्व गर्ने व्यवस्था मिलाइएको उनले बताए ।

अभियानलाई संगठन विस्तार, जनसम्बन्ध सुदृढीकरण र नागरिकका वास्तविक समस्या पहिचान गर्ने अवसरका रूपमा उपयोग गर्ने नेकपाको लक्ष्य छ । पार्टीका नेता तथा कार्यकर्ताले जनतासँगको संवादबाट प्राप्त सुझावलाई पार्टीका नीति, कार्यक्रम र राजनीतिक गतिविधिसँग जोड्ने अपेक्षा गरिएको छ । दुई महिनासम्म सञ्चालन हुने राष्ट्रिय जागरण अभियान मंसिर २५ गते समापन हुने पार्टीले जनाएको छ।

तनहुँ कारागारका कैदीबन्दीले आफन्तबाट दसैंको टीका लगाए

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँ कारागारमा रहेका कैदीबन्दीले विजयादशमीदेखि कोजाग्रत पूर्णिमासम्म आफन्तजनको हातबाट दसैंको टीका र आशीर्वाद लिने अवसर पाएका छन् । कारागार प्रशासनले चाडपर्वका बेला परिवारसँग भेटघाट र टीका लगाउने व्यवस्था मिलाएपछि उनीहरूले कारागारभित्रै दसैं मनाएका हुन् ।

कारागार प्रमुख सिर्जन रेग्मीका अनुसार कैदीबन्दीका आफन्तले विजयादशमीको दिनदेखि कोजाग्रत पूर्णिमासम्म टीका लगाइदिन पाउने व्यवस्था गरिएको छ । यसका लागि बिहान ९:४० देखि दिउँसो ४:३० बजेसम्मको समय निर्धारण गरिएको उनले बताए ।

चाडपर्वका बेला परिवारका सदस्यसँग भेटघाट गर्न र आफन्तको हातबाट टीका लगाउन पाउँदा कैदीबन्दीलाई पारिवारिक आत्मीयता अनुभव गर्न सहज भएको छ । कारागार प्रशासनले दसैंका अवसरमा आफन्तसँग भेटघाट गर्दै परम्पराअनुसार टीका लगाउने वातावरण मिलाएको जनाएको छ।

कारागार प्रमुख रेग्मीका अनुसार तनहुँ कारागारमा हाल ३०४ जना कैदीबन्दी रहेका छन् ।

जामुनेमा तीन सवारीसाधन ठोक्किंदा दुई घाइते

भञ्ज्याङ समाचारदाता/दमौली

पृथ्वीराजमार्गअन्तर्गत तनहुँको म्याग्दे गाउँपालिका-२ जामुनेमा तीन सवारीसाधन एकआपसमा ठोक्किँदा दुई जना घाइते भएका छन् ।

दमौलीबाट पोखरातर्फ जाँदै गरेको बा १९ च १४७७ नम्बरको स्कारपिओ र विपरीत दिशाबाट आउँदै गरेको ग१ज ९००८ नम्बरको विद्युतीय माइक्रो ठोक्किएका थिए। ठक्करपछि अनियन्त्रित भएको स्कारपिओ सडकको डिभाइडर नाघेर विपरीत लेनमा पुग्दा पोखराबाट दमौलीतर्फ आउँदै गरेको ग१ज ७५०१ नम्बरको टाटा सुमोसँग समेत ठोक्किएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा विद्युतीय माइक्रोका चालक शुक्लागण्डकी नगरपालिका-६ निवासी ३२ वर्षीय सुमन परियार र माइक्रोमा सवार व्यास नगरपालिका-१४ निवासी नौ वर्षीया जेनिशा परियार घाइते भएका छन् । घाइते दुवै जनाको प्रदेश अस्पताल दमौलीमा उपचार भइरहेको प्रहरी नायब उपरीक्षक द्वारिकाप्रसाद घिमिरेले जानकारी दिए।

व्यावसायिकताको बाटोमा भलिबल

♦ राजु सिलवाल

नेपालमा हालैका वर्षमा खेलकुदमा व्यावसायिकता मौलाउँदै गएपछि सम्बन्धित खेलका खेलाडीमा केही हदसम्म भए पनि राहतको महसुस हुन थालेको छ । नेपालमा खेलेर बाँच्न सकिने अवस्था नभएपछि वैदेशिक रोजगारका लागि विभिन्न खेलका प्रतिभाशाली खेलाडी विदेशिनेक्रम बढिरहेका अवस्थामा निजी क्षेत्रको सक्रियतामा खेलकुदका प्रतियोगिता हुन थालेपछि त्यसले सकारात्मक वातावरण सिर्जना गरेको छ । क्रिकेट, फुटबल, बास्केटबल, कबड्डी तथा भलिबलजस्ता खेलका खेलाडीले फ्रेन्चाइज लिगका कारण नेपालमै खेलेबापत पारिश्रमिक पाउनु व्यावसायिक अभ्यासको सुखद संकेत मानिएको छ ।

यसैक्रममा नेपालमा विगत कैयौं वर्षदेखि हिमालदेखि तराईसम्म लोकप्रिय मानिएको भलिबल अब खेलमा मात्र सीमित नभएर युवालाई भविश्यको सम्भावनाको ढोका खोल्ने स्थितिमा पुगेको छ । मनोरञ्जनका साथै खेलाडीबीच आपसी प्रतिस्पर्धामा रूमलिरहेको भलिबल प्रतिभावान खेलाडीको जीवन गुजारा गर्ने माध्यम बन्नसक्ने सम्भावना बढेको छ । नेपालमा पहिलोपटक उचाइको नयाँ उडान नाराका साथ यही भदौ १९ गतेदेखि सुरू हुन लागेको पुरूषको नेपाल भलिबल लिग एनभीएलले भलिबल खेललाई पनि पेसाका रूपमा स्थापित गर्दै व्यावसायिकताको नयाँ अध्याय सुरू गर्दैछ।

निजी क्षेत्रको केडिया समूह तथा नेपाल भलिबल संघको सहकार्यमा आयोजित एनभिएल प्रतियोगितामा नेपाली खेलाडी विदेशी खेलाडीसँगै पारिश्रमिक लिएर विभिन्न छ वटा फ्रेन्चाइज टिममा अनुबन्धित भएका छन् । नेपाल भलिबल लिग देशको व्यावसायिक फ्रेन्चाइजमा आधारित पहिलो पुरूष भलिबल प्रतियोगिता हो । यसले भलिबल खेलको स्तर उकास्न, नयाँ प्रतिभाको खोजी गर्न तथा राष्ट्रिय खेलमार्फत देशलाई एकताबद्ध गर्ने अपेक्षा गरिएको छ । नेपालमा भलिबल खेललाई व्यावसायिक बनाएर खेलाडीहरूको यथोचित प्रगतिकालागि सघाउनु प्रतियोगिताको मूल लक्ष्य रहेको छ ।

बाढी पीडितप्रति समर्पित

भलिबल खेल अत्यन्त लोकप्रिय भएको रसुवा, नुवाकोट जिल्ला अहिले बाढी पहिरोले क्षतिग्रस्त भएको छ। विगतमा नियमित रूपमा अन्य खेलका साथै भलिबल प्रतियोगिता आयोजना हुँदै आएको रसुवामा बर्सेनि आयोजना हुने 'रेडपाण्डा' भलिबल प्रतियोगिताले नयाँ प्रतिभा जन्माउन योगदान गरेको छ । नुवाकोटमा राष्ट्रियस्तरका भलिबल प्रतियोगिता आयोजना हुनुका साथै राष्ट्रिय टिममा त्यहाँका खेलाडीको प्रतिनिधित्व भइसकेको छ ।

रसुवा र नुवाकोटमा नेपाल भलिबल संघको जिल्ला शाखा क्रियाशील रहेका छन्। अब ती जिल्लामा जनजीवन सामान्य भई फेरि कहिले खेलकुद प्रतियोगिता सञ्चालन हुने हो कुनै टुङ्गो छैन । बाढी, पहिरोको क्षतिबाट मुलुक नै शोकाकुल अवस्थामा भएको बेला आयोजना हुन लागेको एनभिएल भलिबल प्रतियोगिता बाढीपीडितका लागि समर्पित गरिने भएको छ । प्रतियोगिताको पहिलो दिन टिकट बिक्रीबाट संकलन हुने रकम बाढी पीडितका लागि प्रदान गरिने लक्ष्य राखिएको छ ।

महिला भलिबल स्थगित

भोटेकोशी बाढीबाट प्रभावित परिवार तथा समुदायप्रति गहिरो समवेदना व्यक्त गर्दै एभरेष्ट महिला भलिबल लिगको तेस्रो संस्करण भने स्थगित गरिएको छ। नेपालमा आयोजित एभरेष्ट महिला भलिबल लिग इभिएल प्रतियोगिता एशियाकै पहिलो व्यावसायिक महिला भलिबल लिग मानिएको छ। यो इण्डोर भलिबल फ्रेन्चाइज लिग आगामी असोज १५ गतेदेखि सुरू गरिने पूर्वनिर्धारित कार्यक्रम रहेको थियो। यसपाली स्वदेशी तथा विदेशी खेलाडीहरू सम्मिलित छ वटा टिमको प्रतिस्पर्धाका लागि आवश्यक तयारी गरिएको थियो ।

टिमको संरचना

नेपालका विभिन्न प्रदेशको प्रतिनिधित्व गरेका छ वटा टिम सगरमाथा स्मासर्स, मधेस वारियर्स, काठमाडौँ रेड्स, अन्नपूर्ण स्पाइकर किङ्ग्स, कर्णाली शिवराज तथा खप्तड फाल्कन्सले यो प्रतियोगितामा सहभागिता जनाउँदै छन् । प्रत्येक टिममा मुलुकको प्रतिनिधित्व गरेका एक खेलाडीलाई मार्की खेलाडीका रूपमा चयन गरिएको छ ।

यसैगरी टिममा सात जना स्वदेशी खेलाडीलाई अनुबन्ध गर्नुपर्ने नियम रहेको छ । प्रत्येक टिमले 'क'स्तरका चार जना खेलाडी आफ्नो टिममा राख्न पाउने छन् । यस्तै तीन जना विदेशी खेलाडीलाई टिममा समावेश गर्न पाइनेछ । यस प्रतियोगितामा स्थानीय प्रतिभाशाली खेलाडीलाई पनि अवसर दिने लक्ष्यअनुसार हरेक टिमले छनोट शिविर सञ्चालन गरेर अनिवार्य रूपमा एक जनालाई समावेश गर्नुपर्ने व्यवस्था गरिएको छ ।

लाखौँ पारिश्रमिक

एनभिएल भलिबलमा निजी क्षेत्रले ठूलो लगानी गरेका छन् । प्रतियोगिताको आयोजनादेखि लिएर सहभागी छ वटा टिमका लागि निजी क्षेत्रका व्यापारिक समुदायबाट आवश्यक लगानी गरिएको छ। नेपाली भलिबल खेलाडीलाई एनभिएल भलिबलमा लाखौँ पारिश्रमिक लाखौँ पारिश्रमिक दिने प्रतिबद्धता व्यक्त गर्दै अनुबन्धित गरिएको छ । उनीहरूलाई अक्सनमार्फत खेलाडीको स्तरअनुसार विभिन्न श्रेणी विभाजन गरी पारिश्रमिक निर्धारण गरिएको हो ।

प्रत्येक टिममा महत्वपूर्ण खेलाडीका रूपमा चयन गरिएका मार्की खेलाडीलाई आकर्षक पारिश्रमिक दिइएको अपेक्षा गरिए पनि रकम भने घोषणा गरिएको छैन । खेलाडीको अक्सनमा 'क' श्रेणीका खेलाडीलाई रू एक लाख २० हजारसम्म तथा 'ख' श्रेणीका खेलाडीलाई रू ७० हजारसम्म निर्धारण गरिएको थियो ।

यसैगरी, प्रत्येक टिमका लागि चयन गरिएका प्रमुख प्रशिक्षकलाई दिइने पारिश्रमिक पनि सार्वजनिक गरिएको छैन। विभिन्न टिमका लागि खेलाइने विदेशी खेलाडीलाई नेपाली खेलाडीभन्दा बढी पारिश्रमिकका साथै अन्य सुविधा प्रदान गरिँदैछ ।

विदेशी खेलाडीको आकर्षण

एनभिएल लिगको आकर्षण विदेशी खेलाडीको सहभागिता पनि हो । नेपाली दर्शकले विभिन्न मुलुकका खेलाडीलाई नेपाली खेलाडीका साथ टिममा देख्न पाउने छन् । यसबाट नेपाली खेलाडीले विदेशी खेलाडीसँग व्यक्तिगत रूपमा सम्पर्क हुने अवसर मिल्नुका साथै सीप सिक्ने मौका पाउने छन् । राम्रो प्रदर्शन गर्ने नेपालीका लागि भोलि विदेशी लिगमा सहभागिताको ढोका खुल्न सक्नेछ ।

प्रतियोगिताको सहभागी अन्नपूर्ण स्पाइकर किङ्गसले मङ्गोलियाका तीन जना खेलाडीलाई भित्र्याएको छ। कर्णाली शिवराज टिमले पोल्याण्ड र बेलारूसका खेलाडीलाई आफ्नो टिममा समावेश गरेको छ भने मधेस वारियर्सले भारतीय खेलाडी एवं काठमाडौँ रेडस तथा सगरमाथा स्म्यार्सले पाकिस्तानी खेलाडीलाई अनुबन्धित गरेका छन् । खप्तड फाल्कन्स टिमले अफ्रिकी राष्ट्र बेनिनबाट खेलाडी भित्र्याएको छ भने ब्राजिल तथा रसियाका खेलाडी ल्याइने बताइएको छ ।

दर्शकको उपस्थिति

नेपालमा भलिबल खेलप्रति विगतदेखि नै दर्शकको अभिरूचि अत्यधिक रहेको छ । नेपालका विभिन्न जिल्लामा आयोजना भएका भलिबल प्रतियोगितामा हजारौँ दर्शकको उपस्थिति हुने गरेको छ । राष्ट्रिय खेलकुद परिषद्मा हालसम्म भलिबल खेलका लागि मात्र छुट्टै खेल स्थल नभएकाले सीमित दर्शक क्षमता भएको काठमाडौँको त्रिपुरेश्वरस्थित कभर्डहलमा राष्ट्रियस्तरका प्रतियोगिता हुने गरेका छन् । सोही स्थलमा आयोजना हुने यो प्रतियोगितामा दर्शकको सत्त्या बढ्न जाने सहजै अनुमान गर्न सकिन्छ।

बढ्दो फ्रेन्चाइज लिग

नेपालमा विभिन्न खेलका व्यावसायिक फ्रेन्चाइज लिग प्रतियोगिता आयोजना गर्ने क्रम बढ्दै गएको छ । निजी क्षेत्रको सक्रियतामा सम्बन्धित खेल सङ्घको सहकार्यमा यस्ता प्रतियोगिता क्रमिक रूपमा आयोजना हुँदै आइरहेका छन् । नेपालमा फ्रेन्चाइज लिगको सुरूआत क्रिकेटबाट भएको थियो । एभरेष्ट प्रिमियर लिग क्रिकेट प्रतियोगिताले नेपालमा व्यावसायिक फ्रेन्चाइज लिगको प्रारम्भ गरेको थियो तर यो प्रतियोगिता चार संस्करणसम्म सञ्चालन भएपछि बन्द भएको थियो । धनगढी प्रिमियर लिग क्रिकेट प्रतियोगितामा काठमाडौँ उपत्यका बाहिर पहिलोपटक रूपमा आयोजना हुँदै आएको छ ।

नेपालमा महिला भलिबलको पहिलो फ्रेन्चाइज लिग प्रतियोगिता एभरेष्ट वुमन्स भलिबल प्रतियोगिताको दुई संस्करण सम्पन्न भइसकेका छन् । बास्केटबल खेलतर्फ पुरूष तथा महिलाका लागि नेपाल बास्केटबल लिग पनि फ्रेन्चाइज प्रतियोगिताको रूपमा स्थापित भएको छ । यसबाहेक, कबड्डी खेलको फ्रेन्चाइज प्रतियोगिता आयोजना भइसकेको छ ।

राष्ट्रिय खेल

नेपाल सरकारले गत २०७४ साल जेठ ८ गते भलिबललाई राष्ट्रिय खेलको मान्यता प्रदान गरेको थियो । कम खर्चमा गाउँदेखि सहरसम्म सजिलै खेल सकिने यस खेलको लोकप्रियतालाई दृष्टिगत गरेर सरकारले भलिबललाई राष्ट्रिय खेल घोषणा गरेको थियो । पुरूष तथा तथा महिला दुवैको समान सहभागिता रहेको भलिबल खेल स्कूल तहदेखि राष्ट्रियस्तरसम्म खेल्ने गरिएको छ ।

अन्तर्राष्ट्रिय उपाधि

नेपाली भलिबल टिमले विगतमा विभिन्न अन्तर्राष्ट्रिय पुरस्कार प्राप्त गरिसकेको छ । पुरूष भलिबल टिमको तुलनामा महिला भलिबल टिमले उल्लेखनीय रूपमा उपाधि प्राप्त गरेको छ। बङ्गलादेशमा सन २०१९ मा भएको एभिसी सेन्ट्रल जोन महिला भलिबल च्याम्पियनसिपमा नेपालले माल्दिभ्सलाई लगातार सोझो सेटले पराजित गर्दै भलिबलको इतिहासमा पहिलो उपाधि हासिल गर्दै स्वर्ण पदक जितेको थियो । सन् २०२१ मा बङ्गलादेशमा सम्पन्न एभिसी सेन्ट्रल जोन महिला भलिबल च्याम्पियनसिपमा नेपालले उज्वेकिस्तानलाई फाइनलमा दुईकाविरूद्ध तीन सेटले पराजित गर्दै दोस्रो पटक उपाधि जित्न सफल भएको थियो ।

नेपालको राष्ट्रिय पुरूष भलिबल टिमले सन् २०१५ मा आयोजित दक्षिण एशियाली पुरूष भलिबल च्याम्पियनसिपमा कास्य पदक प्राप्त गरेको थियो । यस्तै माल्दिभ्समा सन् २०१७ मा सम्पन्न एभिसी सेन्ट्रल जोन सिनियर मेन्स भलिबल च्याम्पियनसिपमामा पनि नेपालले कास्य पदक जितेको थियो । केही सातापछि जापानमा हुने बिसौँ एशियाली खेलकुदमा नेपाली महिला राष्ट्रिय भलिबल टिमले पनि प्रतिस्पर्धा गर्दैछ । भुटानमा जारी काभाबीच भलिबल प्रतियोगितामा पनि नेपालको तर्फबाट पुरूष तथा महिलाको चार बेग्लाबेग्लै टिमले प्रतिस्पर्धा गर्दैछन्।

समष्टिमा एनभिएल भलिबलले भलिबलको लोकप्रियतालाई अझ बढाउन महत्वपूर्ण भूमिका खेल्नेछ । यस्ता प्रतियोगिताका माध्यमबाट नयाँ प्रतिभाको जन्म हुनेछ, जसले आगामी दिनमा नेपाली राष्ट्रिय टिमलाई अझ बलियो बनाउन सहयोग मिल्न जानेछ । मुलुकको खेलकुद विकासका लागि सरकारको मात्र भरपर्नुपर्ने स्थितिको अन्त्य भई निजी क्षेत्रका व्यापारिक घरानाको पनि खेलकुदमा आकर्षण बढाउन यस्ता प्रतियोगिता उपयोगी सावित हुने आकलन गर्न सकिन्छ ।

नेपालमा हाल आयोजना हुँदै आइरहेका विभिन्न फेन्चाइज प्रतियोगिता प्रायः राजधानी काठमाडौँमा मात्र सीमित रहेका अवस्थामा यसलाई राजधानी बाहिर पनि विस्तार गर्न सकिएका खण्डमा ओझेलमा परेका अन्य प्रतिभाशाली खेलाडी पनि लाभान्वित हुनसक्ने आकलन गर्न सकिन्छ ।

यसैगरी, खेलकुदप्रेमी स्वदेशी तथा विदेशीको संयुक्त सहभागिता रहेको टिमको स्तरीय प्रतियोगिता हेर्ने अवसरबाट लाभान्वित हुनसक्ने थिए । यस्ता प्रतियोगिताको आयोजनाबाट विभिन्न जिल्लामा खेलकुदका पूर्वाधार निर्माण हुनुका साथै फेन्चाइज प्रतियोगिताका लागि लगानीका नयाँ सम्भावना खोज्न सघाउ पुग्नसक्ने अपेक्षा गर्न सकिन्छ ।



www.bhanjyangnews.com

तपाईको आज

मेष
तारिफयोग्य काम गर्दै प्रतिष्ठा आर्जन गर्ने समय छ। समाजले पदीय जिम्मेवारी दिलाउनेछ।

वृष
नसोचेको अवसरले मन प्रफुल्लित हुनेछ। समुदायको हितमा राम्रै काम गर्न सकिनेछ।

मिथुन
टाढिएका साथीभाइ नजिकिनाले हर्ष बढ्नेछ। भाग्यले विभिन्न अवसर थमाउनेछ।

कर्कट
उपलब्धिको स्रोत पहिल्याउन सकिनेछ। अरूको काममा जुट्नुपरे पनि फाइदा आफैंलाई हुनेछ।

सिंह
आँना कमजोरी बाहिर आउनाले समस्या पर्नेछ। अवसरका लागि विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला।

कन्या
समयमा लगनशील बन्न नसक्ता पछि परिनेछ। तापनि नयाँ काममा जग बसाउने समय छ।

तुला
कामको सन्दर्भमा पदासीन व्यक्तिहरूसँग वादविवाद हुन सक्छ। रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्नुहोला।

वृश्चिक
खर्च लागे पनि रमाइलो यात्रा गर्ने साइत जुर्नेछ। अतिथिका रूपमा मानसम्मान प्राप्त होला।

धनु
व्यापारिक लगानीमा जोखिम बढ्न सक्छ। आफ्ना विषयवस्तुमा अरूले दाबी गर्न सक्छन्।

मकर
उपलब्धिका लागि केही समय प्रतीक्षा गर्नुपर्ला। उद्योग र व्यापारमा सामान्य फाइदा हुनेछ।

कुम्भ
परिस्थितिवश विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला। अरूको बारेमा चासो लिँदा व्यर्थै झमेला बढ्न सक्छ।

मीन
अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। मिहिनेत गर्दा विशेष अवसर प्राप्त हुनेछ।



पुनहिलबाट देखिएको सूर्योदय

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ मा रहेको पुनहिलबाट शनिबार बिहान सूर्योदय र हिमशृंखलाको अवलोकन गर्दै पर्यटक । समुद्री सतहदेखि ३ हजार २१० मिटर उचाएमा रहेको पुनहिल सूर्योदय र हिमशृंखला अवलोकनका लागि प्रसिद्ध छ।
तस्विर : सन्तोष गौतम/रासस

दशैँपछि मुस्ताङमा पर्यटकको चहलपहल बढ्यो

भञ्ज्याङ समाचारदाता/मुस्ताङ

बाढीपहिरोका कारण सडक सम्पर्क प्रभावित भएपछि सुस्ताएको मुस्ताङको पर्यटन क्षेत्रमा दशैँपछि पुनः चहलपहल बढ्न थालेको छ । दशैँअघि पर्यटकको आवागमन न्यून रहेको हिमाली जिल्ला मुस्ताङमा टीकापछि बेनी-जोमसोम सडकमार्ग हुँदै आउने स्वदेशी तथा विदेशी पर्यटकको संख्या उल्लेख्य रूपमा बढेको हो । जिल्ला प्रहरी कार्यालय मुस्ताङका अनुसार दशैँको टीकापछि बिहीबार र शुक्रबार दुई दिनमा सात हजार ८४६ जना पर्यटक मुस्ताङ भित्रिएका छन् । टीकापछिको पहिलो दिन बिहीबार तीन हजार ३३ जना र शुक्रबार चार हजार ८१३ जना पर्यटक आएका हुन् ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक एवं सूचना अधिकारी ईश्वर महतले दशैँपछि मुस्ताङ भ्रमणमा आउने पर्यटकको दैनिक संख्या बढ्दै गएको बताए । उनका अनुसार बेनी-जोमसोम सडकमार्ग हुँदै पर्यटकको आवागमन बढ्न थालेसँगै यहाँको पर्यटन गतिविधि पनि विस्तारै चलायमान हुन थालेको छ ।

यसअघि रसुवाको भोटेकोशीमा आएको बाढी तथा गत असोज ११ गतेको भारी वर्षापछि आएको बाढीपहिरो र नदी कटानले बेनी-जोमसोम सडकमार्ग अवरूद्ध हुँदा मुस्ताङको पर्यटन क्षेत्र प्रभावित बनेको थियो। सडक यातायात सहज नहुँदा पर्यटकको आवागमन घटेको थियो भने पर्यटनमा निर्भर व्यवसायसमेत प्रभावित भएका थिए । प्रहरीको तथ्याङ्कअनुसार घटस्थापनादेखि विजया दशमीसम्मको १० दिनमा पाँच हजार ६६३ जना पर्यटक मुस्ताङ पुगेका थिए । तीमध्ये तीन हजार ७३८ पुरुष र एक हजार ९२५ महिला थिए । यस अवधिमा चार हजार ४०९ जना विदेशी पर्यटक आएका थिए, जुन कुल आगमनको ७७ दशमलव ८५ प्रतिशत हो ।

चालु आर्थिक वर्षको साउनमा ३० हजार ५३४ जना पर्यटक मुस्ताङ पुगेका थिए । भदौमा यो सङ्ख्या घटेर २० हजार २६८ मा झरेको थियो भने असोजमा १८ हजार ६०१ जनाले मुस्ताङ भ्रमण गरेका थिए । प्राकृतिक विपद् र सडक अवरोधले पर्यटक आगमनमा पारेको प्रभाव पछिल्ला दिनमा क्रमशः कम हुँदै गएको प्रहरीको तथ्याङ्कले देखाउँछ।

दशैँ-तिहार तथा छठ पर्वको बिदामा पर्यटकको आगमन अझै बढ्ने अपेक्षा गरिएको छ । लामो बिदाको अवसर पारेर आन्तरिक पर्यटक मुस्ताङ घुम्न आउने तथा विदेशमा रहेका नेपालीसमेत स्वदेश फर्किएपछि पारिवारिक भ्रमणमा जाने भएकाले पर्यटन व्यवसायीले आगामी दिनमा कारोबार बढ्ने आशा गरेका छन् । सरकारी कार्यालय, बैंक तथा वित्तीय संस्थामा कार्यरत कर्मचारी र देशका विभिन्न भागका पर्यटक पनि यस समयमा मुस्ताङ पुग्ने गर्छन् ।

धार्मिक पर्यटनका दृष्टिले महत्त्वपूर्ण मुक्तिनाथ मन्दिर मुस्ताङको प्रमुख आकर्षण हो । यसबाहेक चीनसँगको कोरला नाका, झोङ गुफा, लोमान्थाङ दरबार, घर गुम्बा, चोङ्सी गुफा, दुम्बाताल र टिटी ताल लगायतका गन्तव्यले पर्यटकलाई आकर्षित गर्दै आएका छन् । हिमाली भू-दृश्य, ऐतिहासिक सम्पदा, मौलिक संस्कृति र प्राकृतिक सौन्दर्य पनि मुस्ताङको पर्यटनका आधार हुन् । बाढीपहिरो र सडक अवरोधका कारण प्रभावित बनेको पर्यटन क्षेत्रमा पर्यटकको आगमन बढ्न थालेपछि व्यवसायीमा उत्साह थपिएको छ । यद्यपि, पर्यटनलाई नियमित र दिगो बनाउन सडकको सहज पहुँच, सुरक्ष लगायतका विषय आवश्यक छन्।

स्तनपान र पुरक तथा थप खाना बारे जानकारी :

- जन्मेको १ घण्टा भित्र स्तनपान गराउन सुरू गर्ने ।
- जन्मेदेखि ६ महिनाको उमेरसम्म शिशुलाई आवश्यक पर्ने सम्पुर्ण पोषक तत्व आमाको दुधले नै प्रदान गर्ने भएकोले पुर्ण स्तनपान गराउने (अन्य कुनै खाना वा झोल कुरा नखुवाउने)
- ६ महिना पूरा भइसकेपछी बच्चालाई आमाको दुधले मात्र नपुग्ने भएकाले स्तनपानको साथ साथै थप आहार दिन सुरू गर्नु पर्छ
- पुरक तथा थप खाना खुवाउँदा ४ प्रकारका खानेकुरा (अन्न/कन्दमुल, गेडागुडी, हरियो सागपात/फलफुल र पशुजन्य खाना) मिसाएर खुवाउने ।
- ६-९ महिनाको बच्चाले कम्तिमा ३ पटक थप खाना खानु पर्दछ
- ९-१२ महिनाको बच्चाले कम्तिमा ३ पटक खाना र १ पटक खाजा खानु पर्दछ ।
- १२-२४ महिनाको बच्चाले कम्तिमा ३ पटक खाना र २ पटक खाजा खानु पर्दछ ।

बच्चालाई पुरक तथा थप खाना बनाउँदा २ बालबालिकाको चिन्ह भएको आयोडिन युक्त नुनको प्रयोग गर्नु पर्छ। साथै खाना खानु अघि पछि साबुन पानीले हात मिचिमिचि धुने र स्वच्छ पानीको प्रयोग गर्नु पर्छ ।

प्रदेश जनस्वास्थ्य कार्यालय तनहुँ
दमौली तनहुँ । गण्डकी प्रदेश

व्यास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दमौली तनहुँ । गण्डकी प्रदेश

नगर लोककल्याणकारी सन्देश

प्लाष्टिकजन्य कृत्रिम फूलगुच्छा तथा सजावटी सामाग्रीको बिक्री-वितरण नगर्नु नगराउनु हुन ।

नेपाल सरकारको निर्णय तथा प्रचलित कानून बमोजिम प्लाष्टिकजन्य कृत्रिम फूलगुच्छा तथा सजावटी सामाग्रीको उत्पादन, आयात, बिक्री-वितरण, भण्डारण तथा प्रयोगमा रोक लगाइएको हुँदा व्यास नगरपालिका क्षेत्र भित्र यस्ता सामाग्रीको कारोबार तथा प्रयोग नगर्नु हुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ । नगरपालिकाट बजार तथा व्यवसायिक क्षेत्रमा अनुगमन गरिनेछ र कानून विपरीत कार्य गरेको पाइएमा प्रचलित कानून बमोजिम आवश्यक कारवाही गरिदे व्यहोरा जनकारी गरिन्छ ।

प्राकृतिक फूल तथा वातावरणमैत्री सामाग्र प्रयोग गरौं, वातावरण संरक्षणमा सहयोग गरौं ।

विशेषज्ञ चिकित्सकहरूद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

कात्तिक ८ गते आइतबार

१) भरतपुर क्यान्सर हस्पिटलका वरिष्ठ क्यान्सर सर्जन नाक, कान, घाँटी रोग विशेषज्ञ **डा.अनिल विक्रम कार्की**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ ।
२) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला ।*

कात्तिक १३ गते शुक्रबार

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

कात्तिक १४ गते शनिबार

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।
२) मणिपाल अस्पताल पोखराकी वरिष्ठ छाला, यौन, कुष्ट तथा सौन्दर्य रोग विशेषज्ञ **डा. जयन्ती ज्वारचन** आउनुहुनु भएकाले सुन्दर छाला, स्वास्थ्य यौन जीवन र कुष्ठमुक्त समाजको लागि समयमै परीक्षण गरौं ।

हाम्रा उपलब्ध सेवाहरू :

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।

मिलुङ पोलिक्लिनिक प्रा.लि.
व्यास-२, अमरसिंह मार्ग, दमौली । फोनः ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२



जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९



सडक पेटीमा तरकारीको व्यापार : तनहुँको व्यास नगरपालिका-३ स्थित एक चोकमा तरकारी खरिद बिक्री गरिदै । नगरपालिकाले तरकारी तथा फलफूल बिक्री वितरण कार्यालाई व्यवस्थित नबनाउँदा दमौली बजार क्षेत्रमा सडक पेटी तथा सडक छेउमा अव्यवस्थित रूपमा फुटपाथ व्यवसायले बजार क्षेत्रको सौन्दर्यमा ह्रास आउनुका साथै पैदलयात्रुले समेत सास्ति झेल्दै आएका छन् । *तस्विर : भञ्ज्याङ*

मुस्ताङबाट दसैंमा ३६ करोडभन्दा बढीका भेडाच्याङ्ग्रा बिक्री

१३ हजार ९५० वटा बिक्री, तिहारमा थप दुई करोडको कारोबार हुने अनुमान

भञ्ज्याङ समाचारदाता/मुस्ताङ

दसैंमा मासुको माग बढेसँगै हिमाली जिल्ला मुस्ताङबाट ३६ करोड रूपैयाँभन्दा बढी मूल्यका भेडाच्याङ्ग्रा बिक्री भएका छन् । मुस्ताङका स्थानीय कृषकले पालेका तथा छिमेकी हिमाली जिल्लाबाट ल्याइएका गरी यस वर्ष दसैंका लागि १३ हजार ९५० वटा भेडाच्याङ्ग्र बिक्री भएका हुन् । कृषि तथा पशु विकास कार्यालय मुस्ताङका प्रमुख डा. लालमणि अर्यालका अनुसार मुस्ताङका पाँचवटै स्थानीय तहका कृषकले पालेका भेडाच्याङ्ग्रासहित डोल्पा, मुगु, जुम्ला र तिब्बत हुँदै कोरला नाकाबाट ल्याइएका पशु बिक्रीका लागि बाहिरिएका हुन्। दसैंमा बिक्री उत्साहजनक रहेकाले कृषकले गत वर्षको तुलनामा राम्रो मूल्य पाएको उनले बताए ।

कार्यालय प्रमुख अर्यालका अनुसार यस वर्ष मुस्ताङबाट सात हजार ९६४ च्याङ्ग्रा र एक हजार २०४ भेडा बिक्री भएका छन् । त्यस्तै, डोल्पाबाट तीन हजार ५५१, मुगुबाट २६०, जुम्लाबाट ३०० र तिब्बत हुँदै कोरला नाकाबाट ४३८ च्याङ्ग्रा मुस्ताङ हुँदै बाहिरिएका छन् । "दसैंमा बिक्री उत्साहजनक भएको छ। तिहारलाई लक्षित गरेर पनि भेडाच्याङ्ग्रा बाहिरिनेछन् । केही कृषकले एकैपटक बिक्री नगरी तिहारका लागि रोकेका छन्," अर्यालले भने ।

गत आर्थिक वर्ष २०८२/८३ मा मुस्ताङबाट १५ हजार ६०० वटा भेडाच्याङ्ग्रा बिक्री हुँदा ३६ करोड ५० लाख रूपैयाँ भित्रिएको थियो । यस वर्ष पनि चाडपर्वका लागि भेडाच्याङ्ग्राको माग उच्च रहेकाले तिहारसम्म कारोबार थप बढ्ने अपेक्षा गरिएको छ । तिहारमा मात्रै करिब दुई करोड रूपैयाँ बराबरको कारोबार हुने अनुमान गरिएको कार्यालयले जनाएको छ।

मुस्ताङका पशुपालक कृषकले भेडाच्याङ्ग्राको उमेर, तौल र गुणस्तरअनुसार प्रतिगोटा २८ हजारदेखि ५२ हजार रूपैयाँसम्म बिक्री गर्ने गरेका छन् । रोज्जा, रोमा तथा साना-ठूला च्याङ्ग्राको मूल्य फरक हुने गरेको छ। कृषकले कतिपय



पशु गोठबाटै व्यापारीलाई बिक्री गर्छन् भने कतिपय आफैं बजारसम्म पुऱ्याएर बेच्ने गरेका छन् । उपल्लो मुस्ताङको लोमान्थाङ गाउँपालिका-१, छोसेरका कृषक आङ्याल गुरूङले यस वर्ष एक करोड ५० लाख रूपैयाँभन्दा बढी मूल्यका भेडाच्याङ्ग्रा बिक्री गरेको बताए । मुस्ताङका लोमान्थाङ, लो-घेकर दामोदरकुण्ड र वारागुङ मुक्तिक्षेत्र गाउँपालिका भेडाच्याङ्ग्रा पालनका प्रमुख क्षेत्रका रूपमा चिनिन्छन् ।

यस वर्ष प्रतिकूल मौसमका कारण डोल्पाबाट भेडाच्याङ्ग्रा कम आएका छन् । हिमपात र बाढीपहिरोले आपूर्तिमा असर पारेको पशु विकास कार्यालयले जनाएको छ । उपल्लो डोल्पाको छार्काताङसोङ गाउँपालिकाबाट गत वर्षको तुलनामा करिब एक हजार ४५० वटा भेडाच्याङ्ग्रा कम आएको काठमाडौंका व्यापारी ज्ञानकुमार श्रेष्ठले बताए । आपूर्ति घटेकाले बजारमा मूल्य बढेको उनको भनाइ छ ।

भेडाच्याङ्ग्रा पालनमा चरन, गोठ, खोप तथा गोठालाको खर्चसमेत जोडिने भएकाले कृषकले बिक्रीबाट प्राप्त गर्ने आम्दानीलाई लागतसँग तुलना गर्नुपर्ने हुन्छ । सामान्यतः मासुका लागि तयार पार्न एउटा भेडाच्याङ्ग्रालाई करिब तीन वर्ष पाल्नुपर्ने हुन्छ भने राम्रो गुणस्तरको रोज्जा च्याङ्ग्रा तयार हुन चार वर्षसम्म लाग्ने बताइन्छ।

उच्च हिमाली क्षेत्रमा कठोर चिसो र कम अक्सिजनयुक्त वातावरणमा हुर्किने तथा लेकाली चरनमा आधारित च्याङ्ग्राको मासु दसैं-तिहारमा विशेष रूचाइन्छ । त्यसैले मुस्ताङका कृषकका लागि भेडाच्याङ्ग्रा बिक्री चाडपर्वको आम्दानीको महत्त्वपूर्ण स्रोत बनेको छ। तिहारमा समेत कारोबार बढेमा यस क्षेत्रका पशुपालक कृषक र स्थानीय व्यापार व्यवसायलाई थप लाभ पुग्ने अपेक्षा गरिएको छ ।

facebook twitter



Muma Ram Khanal
x.com/MumaRamKhanal

नेकपा (पुष्पकमल दाहाल/माधव नेपाल समुह)ले 'राष्ट्रिय जागरण अभियान' चलाउने भएछ । वास्तवमा उसलाई 'राष्ट्रिय जागरण अभियान' होइन, 'आन्तरिक स्वःजागरण अभियान' चलाउनुपर्ने खाँचो छ । किनकि- म शिर्ष नेता कसरी खुइलिदै गएँ, हाम्रा नेता कसरी बिग्रिदै गए, हाम्रा कार्यकर्ता कसरी दास बन्दै गए, हाम्रा शुभचिन्तक कसरी टाढिदै गए, हाम्रा मतदाता कसरी विरोधी भए आदि इत्यादिको 'आन्तरिक स्वःजागरण अभियान'।
सबै खाले समस्याको समाधान 'साम्राज्यवादीको षडयन्त्र' ठान्ने कम्युनिष्ट कुतर्कका दिन सकिए। 'सिद्धान्त' बाहिर हुन्छ, 'सिद्धहस्त' भित्र । भित्र ठिक गर, बाहिर आफै ठिक हुन्छ ।



Kamal Thapa
x.com/KTnepal

नेपाल-भारत सम्बन्धका सन्दर्भमा डा. स्वर्णिम वाग्लेले हालै दिल्लीमा दिनुभएको अभिव्यक्ति आपत्तिजनक मात्र नभई नेपाली राष्ट्रियतामाथिको ठाडो अवमूल्यन हो । नेपालको राष्ट्रवाद कहिल्यै पनि कुनै मुलुकविशेषको विरोधमा टिकेको छैन। विदेशी मञ्चमा पुगेर 'भारतविरोधी राष्ट्रवादको युग सकियो' भन्दै राष्ट्रिय सरोकारका मुद्दालाई कमजोर बनाउने उहाँको तर्क पूर्णतया गैरजिम्मेवार छ ।
रूसानो समुहको केही अपवादमुलक धारणालाई लिएर सिङ्गो मुलुकको राष्ट्रिय भावनालाई संकुचित देख्नु उहाँको पूर्वाग्रही चस्माको उपज हो। नेपालको राष्ट्रियता आफ्नो देशको सार्वभौमिकता र नेपाली जनताको हितको रक्षामा केन्द्रित छ । हामी भारतसँग समानता र सम्मानजनक सम्बन्ध चाहन्छौं; तर सीमा मिचिनु, डुबान हुनु वा नाकाबन्दीजस्ता ज्यादतीविरूद्ध बोल्नु भारतविरोध होइन, राष्ट्रप्रतिको अविभाज्य निष्ठा हो। के राष्ट्रहितमा उठ्ने यी आवाजहरु अब असान्दर्भिक भइसकेका हुन् ? वाग्लेको यो अभिव्यक्ति कतै विगतमा उहाँले अघि सारेको आत्मघाती 'मुनरो डक्ट्रिन' कै उपज त होइन? जिम्मेवार ओहोदामा बसेका व्यक्तिले यसको जवाफ दिनैपर्छ ।
के सरकारको धारणा यही हो ?

bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com
newsbhanjyang@gmail.com

सुरक्षित यात्रा गरौं ।

❖ सवारी साधनको क्षमताभन्दा बढी यात्रु नचढौं/नचढाऔं,
❖ सवारी साधनको छतमा बसेर यात्रा नगरौं,
❖ मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं,
❖ बाढी, पहिरो तथा जोखिमपूर्ण सडकमा सवारी साधन चलाउँदा ध्यान दिऔं ।



दुर्घटनाबाट आफू पनि बचौं र अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । फोनः ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४